नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी कल्याण शाखा)

पत्र संख्या : क.क. ०७५/०७६ चलानी संख्या : ९६

मिति : २०७५/०४/२८

विषयः निजामती सेवा दिवस -२०७५ सम्बन्धमा

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/
निर्देशनालय/केन्द्र/प्रदेश
............ ।

निजामती सेवा दिवस, २०७५ भव्य र सभ्य तवरले मनाउने सन्दर्भमा निजामती सेवा दिवस मूल समारोह समितिका अध्यक्ष एवम् नेपाल सरकारका मुख्य सचिव श्रीमान् लोकदर्शन रेग्मी ज्यूको अध्यक्षतामा मिति २०७५ श्रावण २५ गते बसेको बैठकबाट भएका निर्णयको छाँयाप्रति पाना-५ (पाच) यसैसाथ संलग्न छ। निर्णय अनुसार सम्बन्धित निकाय एवम् पदाधिकारीज्यूहरुसंग आवश्यक समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध गर्दछु।

(सुप्रभा ढुङ्गेल खनाल)
उपसचिव

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौः संलग्न निर्णय मन्त्रालयको वेवसाइटमा अपलोड गरिदिनु हुन।

आज मिति २०७५ साल श्रावण २५ गते शुक्रबार विहान ११:०० बजे नेपाल सरकारका मुख्य सचिव एवम् निजामती सेवा दिवस मूल समारोह समितिका अध्यक्ष श्री लोकदर्शन रेग्मीको अध्यक्षतामा निजामती सेवा दिवस २०७५ मनाउने सम्बन्धमा देहायको उपस्थितिमा बैठक बसी तपसिल बमोजिमका निर्णयहरु गरियो:

उपस्थिति:

| नामथर | पद | निकाय | दस्तखत |
|---|---|---|---|
| श्री लोक दर्शन रेग्मी | मुख्य सचिव | नेपाल सरकार | |
| श्री लक्ष्मणप्रसाद मैनाली | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | |
| श्री केदारबहादुर अधिकारी | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | |
| श्री राजन खनाल | सचिव | अर्थ मन्त्रालय | |
| श्री दिनेश कुमार थपलिया | सचिव | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | |
| श्री प्रेम कुमार राई | सचिव | गृह मन्त्रालय | |
| श्री मोहन कृष्ण सापकोटा | सचिव | युवा तथा खेलकुद मन्त्रालय | |
| श्री महेन्द्र मान गुरुङ | सचिव | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | |
| श्री दीपेन्द्र नाथ शर्मा | सचिव | सहरी विकास मन्त्रालय | |
| श्री खगराज बराल | सचिव | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| श्री जनार्दन गुरागाईं | सह- सचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| श्री भूपाल बराल | ,, | सं.मा.त. सा.प्र.मं. | |
| श्री गोकुल बस्नेत | उप-सचिव | प्र.मं. तथा म.प.को का. | |
| श्री जीवनराज लेखाई | उप-सचिव | सं.मा.तथा सा.प्र.मं. | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णयहरुः

१. निजामती सेवा दिवस, २०७५ भव्य र सभ्य तवरले देशव्यापी रुपमा मनाउने।

२. निजामती सेवा दिवस, २०७५ का अवसरमा सञ्चालन हुने कार्यक्रमहरुलाई व्यवस्थित र मर्यादित तवरले व्यवस्थापन गर्न देहाय बमोजिम मूल समारोह समिति र उपसमितिहरु गठन गर्ने।

(क) निजामती सेवा दिवस मुल समारोह समिति- २०७५

| | |
|---|---|
| मुख्य सचिव, नेपाल सरकार | - अध्यक्ष |
| सचिवहरु सबै (रा.प. विशिष्ट श्रेणी) सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/निकाय | - सदस्य |
| सचिव, सङ्घीय संसद सचिवालय | - सदस्य |
| अध्यक्ष, सेवा निवृत्त विशिष्ट श्रेणीका कर्मचारीको कार्यकारी परिषद | - सदस्य |
| अध्यक्ष, सेवा निवृत्त राष्ट्र सेवक संघ नेपाल | - सदस्य |
| अध्यक्ष, पूर्व कर्मचारी सेवा परिषद नेपाल | - सदस्य |
| अध्यक्ष, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियन | - सदस्य |
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य सचिव |

मुल समारोह समितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

(अ) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहने मूल समारोह समितिको सचिवालय मार्फत आवश्यकता अनुसार निजामती सेवा दिवस मुल समारोह समितिको बैठक बोलाउने, बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित पदाधिकारीहरुलाई समेत आमन्त्रण गर्न सक्ने।

(आ) उपसमितिहरुको कार्यक्रम स्वीकृत गर्ने।

(इ) उपसमितिहरुको कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने।

(ई) आवश्यक ठानेका अन्य कार्यहरु गर्ने।

(ख) निजामती सेवा दिवस कार्यक्रम संयोजन उपसमितिः

| | |
|---|---|
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - संयोजक |
| सचिव, गृह मन्त्रालय | - सदस्य |
| सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | - सदस्य |

| | |
|---|---|
| सचिव, सहरी विकास मन्त्रालय | - सदस्य |
| सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| सचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| उपाध्यक्ष, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियन | - सदस्य |
| अध्यक्ष वा प्रतिनिधि, पुर्व निजामती कर्मचारी संघ/संस्थाहरु | - सदस्य |
| अध्यक्ष, निजामती क्षेत्रका क्रियाशिल ट्रेड युनियनहरु | - सदस्य |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य-सचिव |

**कार्यक्रम संयोजन उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)**

(i) निजामती सेवा दिवस मनाउने सन्दर्भमा निजामती सेवा दिवस मुल समारोह समितिबाट भएका निर्णय एवम् निर्देशन बमोजिमका कार्यक्रमहरु, सोको कार्ययोजना तयार गरी मुल समारोह समितिको स्वीकृति लिई कार्यान्वयन गर्ने, गराउने।

(ii) निजामती सेवा दिवस-२०७५ मुल समारोह कार्यक्रमको निमन्त्रणा कार्ड तयार गर्ने तथा वितरण गर्ने, गराउने।

(iii) निजामती सेवा दिवसको अवसरमा सरसफाई लागयतका कार्यहरुका लागि आवश्यक पत्राचार गर्ने, गराउने।

(iv) निजामती सेवा पुरस्कार वितरणको आवश्यक व्यवस्थापन गर्ने, गराउने।

(v) निजामती सेवा दिवस २०७४ मा वितरण हुन बांकी प्रमाणपत्रहरु समेत तयार गरी वितरणको प्रवन्ध गर्ने गराउने।

(vi) मिति २०७५ भाद्र बाइस गते विहान सात बजेदेखि प्रभातफेरि कार्यक्रम आयोजना गर्ने।

(vii) निजामती सेवा दिवस मुल समारोह कार्यक्रमको व्यवस्थापकीय भूमिका निर्वाह गर्ने।

(viii) सातै प्रदेश र सबै जिल्लाहरुमा स्थानीय तह समेतको सहभागितामा सरसफाई लगायत अन्य कार्यक्रम समावेश गरी निजामती सेवा दिवस भव्य रुपमा मनाउन परिपत्र गर्ने गराउने।

(ix) निजामती सेवा दिवस मनाउन आवश्यक पर्ने बजेटको प्रवन्ध गर्ने।

(x) निजामती सेवा दिवस २०७५ को उपयुक्त नारा तय गरी विकल्प सहित मुल समारोह समितिमा सिफारिश गर्ने।

(xi) मिति २०७५ भाद्र २२ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा निजामती सेवा दिवस-२०७५ विशेषाङ्क प्रकाशित गर्ने।

(xii) निजामती सेवा दिवस मुल समारोह समितिबाट भएका निर्णय तथा निर्देशन बमोजिम अन्य आवश्यक कार्यहरु गर्ने, गराउने।

(xiii) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**(ग) अतिरिक्त क्रियाकलाप उपसमिति:**

| | |
|---|---|
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - संयोजक |
| सह-रजिष्ट्रार, सर्वोच्च अदालत | - सदस्य |
| सहसचिव, राष्ट्रपतिको कार्यालय | - सदस्य |
| सहसचिव, उपराष्ट्रपतिको कार्यालय | - सदस्य |
| सहसचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - सदस्य |
| सहसचिव, लोक सेवा आयोग | - सदस्य |
| सहसचिव, सहरी विकास मन्त्रालय | - सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| अध्यक्ष वा महासचिव/प्रतिनिधि, निजामती क्षेत्रका क्रियाशिल ट्रेड युनियन | - सदस्य |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य-सचिव |

**अतिरिक्त क्रियाकलाप उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)**

(अ) सिंहदरबार सरसफाई कार्यक्रम आयोजना गर्ने गराउने।

(आ) निजामती सेवा दिवसको प्रचार प्रसार गर्ने गराउने।

(इ) निजामती सेवा दिवसको नाराको विषयलाई मुख्य विषय बनाई निवन्ध प्रतियोगिता आयोजना गर्ने।

(ई) कार्यालय परिसर तथा सार्वजनिक सडक क्षेत्रमा सरसफाई कार्यक्रम गर्ने।

(उ) कर्मचारी सरुवा तथा समायोजनका सन्दर्भमा ट्रेड युनियनका पदाधिकारीहरु समेतको सहभागितामा खुला अन्तर्क्रिया कार्यक्रम गर्ने।

(ऊ) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**(घ) रक्तदान तथा स्वास्थ्य कार्यक्रम उपसमिति:**

| | |
|---|---|
| सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - संयोजक |
| अध्यक्ष, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियन | – सह-संयोजक |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | - सदस्य |

| | |
|---|---|
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय | - सदस्य |
| उपाध्यक्ष, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियन | - सदस्य |
| महासचिव, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियन | - सदस्य |
| सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य-सचिव |

रक्तदान तथा स्वास्थ्य कार्यक्रम उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

(अ) निजामती कर्मचारीको सहभागितामा वृहत रक्तदान कार्यक्रम सञ्चालन गर्ने गराउने।

(आ) निजामती कर्मचारी अस्पताल, विभिन्न सरकारी अस्पताल र नेपाल रेडक्रस सोसाइटीसंग समन्वय गरी विभिन्न स्थानहरुमा वृहत रक्तदान कार्यक्रम आयोजना गर्ने।

(इ) रक्तदान गर्ने कर्मचारीहरुलाई प्रमाणपत्र वितरणको व्यवस्था गर्ने।

(ई) रक्तदाता कर्मचारीहरुको अभिलेख अद्यवधिक गरी मुल समारोह समिति समक्ष पेश गर्ने।

(उ) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(ङ) बृक्षारोपण व्यवस्थापन उपसमितिः

| | |
|---|---|
| सचिव, वन तथा वातावरण मन्त्रालय | - संयोजक |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| सहसचिव, कृषि तथा पशुपन्छी मन्त्रालय | - सदस्य |
| सहसचिव, सहरी विकास मन्त्रालय | - सदस्य |
| उपाध्यक्ष, निजामती कर्मचारीको आधिकारीक ट्रेड युनियन | – सदस्य |
| अध्यक्ष वा महासचिव, निजामती क्षेत्रका क्रियाशिल ट्रेड युनियनहरु | - सदस्य |
| सहसचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | - सदस्य-सचिव |

बृक्षारोपण व्यवस्थापन उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

(अ) "एक कर्मचारी एकः फलफूलको बिरुवा" अभियानलाई मुर्तता दिन ट्रेडयुनियन तथा सरोकारवालाहरुसंगको सहकार्यमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने।

(आ) हरेक सरकारी कार्यालयले कार्यालयको कम्पाउण्डमा खेर गईरहेको खाली जमिनमा तथा स्थानीय तहले उपयुक्त ठानेको सरकारी पर्ति जग्गामा हावापानी सुहाउँदो उपयुक्त तथा एकै जातको फलफूलको विरुवा रोप्न प्राथमिकता दिने।

(इ) बृक्षारोपण गरिएका बृक्षहरुको आगामी रेखदेखको जिम्मा सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था गर्ने गराउने।

(ई) अघिल्ला दिवसहरुमा भएका वृक्षारोपण कार्यक्रमको प्रगतिको जानकारी लिने र सो को संरक्षणको लागि स्थानीय तहसंग समन्वय गर्ने।

(उ) बृक्षारोपण कार्यको लागि आवश्यक पर्ने बजेट सम्बन्धित निकायले आफ्नो नियमित बजेटबाट नै मिलाउने।

(ऊ) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

३. मिति २०७५ साल भाद्र २१ गतेका दिन सबै मन्त्रालय/आयोग/सचिवालय वा अन्तर्गत आ-आफ्नो निकायले कार्यालय तथा परिसर सरसफाई गर्ने।

४. प्रदेश तथा जिल्लास्तरमा समेत सरसफाई, बृक्षारोपण लगायतका विविध कार्यक्रम आयोजना गरी निजामती सेवा दिवस, २०७५ मनाउन प्रदेश सरकारका प्रमुख सचिव एवम् प्रमुख जिल्ला अधिकारीहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार गर्ने।

५. २०७५ साल भाद्र २२ गते गोरखापत्र राष्ट्रिय दैनिकमा **"निजामती सेवा विशेषाङ्क"** प्रकाशन गर्ने व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने।

६. निजामती सेवा दिवस २०७५ को अवसर पारेर प्रत्येक मन्त्रालय, सचिवालय/आयोग तथा विभाग र अन्तरगतका कार्यालयहरुले कम्तिमा एउटा नवप्रवर्तनीय (INNOVATIVE) कार्यको शुरुवात गर्ने गराउने।

७. निजामती सेवा दिवस २०७५ को अवसरमा सम्माननीय प्रधानमन्त्री ज्यूको प्रमुख आतिथ्यतामा २०७५ भाद्र २२ गते विहान ८:०० वजेदेखि १०:३० बजेसम्म काठमाण्डौंमा विशेष कार्यक्रम आयोजना गर्ने।

